# एकीकृत छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि, २०८०

**प्रस्तावनाः** कर्णाली प्रदेश सरकारबाट प्रदान गरिने छात्रवृत्तिलाई एकीकृत रुपमा व्यवस्थित, पारदर्शी र प्रभावकारी ढङ्गबाट लक्षित वर्गसम्म पुऱ्याउने व्यवस्था गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश सुशासन नियमावली, २०७९ को नियम ८ को उपनियम (१) ले दिएको अधिकार प्रयोग गरी सामाजिक विकास मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "एकीकृत छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यालय" भन्नाले सामाजिक विकास कार्यालय सम्झनु पर्छ र सो शब्दले शिक्षा विकास निर्देशनालयलाई समेत जनाउँछ।

(ख) "छात्रवृत्ति" भन्नाले दफा ३ बमोजिम वितरण हुने छात्रवृत्ति सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(घ) "समिति" भन्नाले दफा ४ बमोजिमको जिल्ला छात्रवृत्ति वितरण समिति सम्झनु पर्छ।

३. **मन्त्रालयबाट वितरण हुने छात्रवृत्तिः** (१) कर्णाली प्रदेशमा स्थायी बसोबास भई कर्णाली प्रदेशमा विभिन्न विषय र तहमा अध्ययनरत विद्यार्थीलाई मन्त्रालयले स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम बमोजिम छात्रवृत्ति वितरण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम वितरण हुने छात्रवृत्ति देहाय बमोजिम हुनेछः-

(क) प्राविधिक छोरी बुहारी छात्रवृत्ति,

(ख) उच्चशिक्षा अपाङ्ग छात्रवृत्ति,

(ग) उच्चशिक्षा दलित छात्रवृत्ति।

४. **जिल्ला छात्रवृत्ति वितरण समितिः** (१) दफा ३ बमोजिमको छात्रवृत्ति पारदर्शी र जवाफदेही ढङ्गले वितरण गर्ने प्रयोजनको लागि कर्णाली प्रदेशका प्रत्येक जिल्लामा देहाय बमोजिमको एक जिल्ला छात्रवृत्ति वितरण समिति रहनेछः-

| | |
|---|---|
| (क) प्रमुख, कार्यालय | -संयोजक |
| (ख) अधिकृत, जिल्ला प्रशासन कार्यालय | -सदस्य |
| (ग) प्रतिनिधि, शिक्षा विकास तथा समन्वय इकाइ | -सदस्य |
| (घ) प्रमुख, आर्थिक प्रशासन शाखा, कार्यालय | -सदस्य |
| (ङ) संयोजकले तोकेको कार्यालयको कर्मचारी | -सदस्य-सचिव |

कानून अधिकृत

प्रदेश सचिव

(राज कुमार शर्मा)
मुख्यमन्त्री

CamScanner

(३) समितिले आवश्यकता अनुसार सम्बन्धित विषयको विज्ञलाई समितिको बैटकमा आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा वस्नेछ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

५. <u>समितिको काम कर्तव्य र अधिकार:</u> समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्राप्त आवेदनलाई अभिलेखीकरण र मूल्याङ्कन गरी योग्यताक्रम निर्धारण गर्ने,

(ख) छात्रवृत्ति वितरण गर्ने,

(ग) छात्रवृत्ति वितरण प्रक्रियालाई प्रभावकारी कार्यान्वयन गर्ने वा गराउने,

(घ) लक्षित वर्गले छात्रवृत्ति प्राप्त गरे नगरेको सुनिश्चित गर्ने वा गराउने,

(ङ) छात्रवृत्ति वितरण सम्बन्धी विवरण अद्यावधिक गर्ने वा गराउने।

६. <u>प्राविधिक छोरी बुहारी छात्रवृत्ति</u>: (१) प्रमाणपत्र तहमा प्राविधिक विषयमा अध्ययनरत छोरी वा बुहारीलाई प्राविधिक छोरी बुहारी छात्रवृत्ति वितरण गरिनेछ।

(२) उपदफा (१) बमोजिमको छात्रवृत्ति देहाय बमोजिम प्राविधिक विषयमा वितरण गरिनेछः-

(क) स्वास्थ्य,

(ख) कृषि,

(ग) पशुविज्ञान,

(घ) वनविज्ञान,

(ङ) इन्जिनियरिङ,

(च) सूचना प्रविधि।

(३) उपदफा (२) बमोजिमको विषय क्षेत्रमा छात्रवृत्ति प्राप्त गर्न इच्छुक आवेदकले देहाय बमोजिमका कागजात पेश गर्नु पर्नेछः-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि। नागरिकता प्राप्त गर्न उमेर नपुगेका विद्यार्थीको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) बुहारीको हकमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) सम्बन्धित स्थानीय तहबाट स्थायी ठेगाना प्रमाणित कागजात,

(घ) मान्यता प्राप्त सामुदायिक शिक्षण संस्थाबाट एस.इ.इ. वा एस.एल.सी. परीक्षा उत्तीर्ण भएको प्रमाणपत्र,

(ङ) नियमित रुपमा अध्ययनरत रहेको र शिक्षण शुल्क (ट्युसन शुल्क) बुझाएको व्यहोराको अध्ययनरत शैक्षिक संस्थाको सिफारिस पत्र,

(च) अध्ययनरत तहमा एक पटक पनि प्राविधिक छोरीबुहारी छात्रवृत्ति प्राप्त नगरेको र अन्य कुनै निकायवाट छात्रवृत्ति वा निःशुल्क वृत्ति नपाएको व्यहोराको अध्ययनरत शैक्षिक संस्थाको सिफारिस पत्र।



(राज कुमार शर्मा)
मुख्यमन्त्री

प्रदेश सचिव

कानून अधिकृत

(४) छात्रवृत्तिको लागि योग्यताक्रम निर्धारण गर्दा देहाय बमोजिमको मापदण्डको आधारमा बढीमा एक सय अङ्क प्रदान गरिनेछः-

(क) शैक्षिक योग्यता बापत एस.ई.ई./एस.एल.सि. मा प्राप्त प्राप्ताङ्कको आधारमा असी अङ्क।

(ख) अपाङ्गता बापत पाँच अङ्क,

(ग) दलित समुदायलाई पाँच अङ्क,

(घ) सीमान्तकृत तथा लोपोन्मुख वर्गलाई पाँच अङ्क,

(ङ) बाबु आमा दुबै नभएका बर्गलाई पाँच अङ्क र बाबु वा आमा मध्ये एक नभएमा दुई दशमलव पाँच अङ्क।

(५) उपदफा (४) को खण्ड (क) बमोजिम शैक्षिक योग्यता बापत अङ्क निर्धारण गर्दा पूर्ण अङ्क असीलाई शतप्रतिशत मानी सोही अनुपात बमोजिम अङ्क निर्धारण गर्नुपर्नेछ।

(६) उपदफा (४) बमोजिम मापदण्डको आधारमा प्राप्त भएको अङ्कलाई जोडी योग्यताक्रम निर्धारण गर्नुपर्नेछ।

(७) उपदफा (६) बमोजिम योग्यता सूचीको आधारमा छनोट भएका विद्यार्थीलाई छात्रवृत्ति बापतको रकम वैंक मार्फत पचास हजार रुपैया एकमुष्ठ उपलब्ध गराउनु पर्नेछ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालयमा प्राविधिक धारमा उच्च माध्यमिक तहमा अध्ययनरत विद्यार्थीले यस दफा बमोजिमको छात्रवृत्ति पाउने छैन।

७. <u>उच्च शिक्षा अपाङ्ग छात्रवृत्तिः</u> (१) मान्यता प्राप्त सामुदायिक शिक्षण संस्थामा स्नातक वा स्नातकोत्तर तहमा अध्ययनरत अपाङ्गता भएका विद्यार्थीलाई उच्च शिक्षा अपाङ्ग छात्रवृत्ति वितरण गरिनेछ।

(२) उपदफा (१) बमोजिमको छात्रवृत्ति प्राप्त गर्न इच्छुक आवदेकले देहाय बमोजिमका कागजात पेश गर्नु पर्नेछः-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) सम्बन्धित निकायबाट जारी भएको अपाङ्गता सम्बन्धी प्रमाणपत्र,

(ग) सम्बन्धित स्थानीय तहको स्थायी ठेगाना प्रमाणित कागजात,

(घ) नियमित रुपमा अध्ययनरत रहेको र अन्य कुनै निकायबाट छात्रवृत्ति नपाएको व्यहोराको अध्ययनरत शैक्षिक संस्थाको सिफारिस,

(ङ) अध्ययनरत तह भन्दा तल्लो तहको प्रमाणपत्र।

(३) उच्च शिक्षा अपाङ्ग छात्रवृत्तिको लागि योग्यताक्रम निर्धारण गर्दा अध्ययनरत तह भन्दा तल्लो तहको प्राप्ताङ्कको आधारमा योग्यता सूची तयार गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम योग्यता सूचीको आधारमा छनोट भएका विद्यार्थीलाई चौविस हजार रुपैयाँका दरले छात्रवृत्ति बापतको रकम उपलब्ध गराइनेछ।

(५) छात्रवृत्ति बापतको रकम बैंक मार्फत एकमुष्ठ उपलब्ध गराउनु पर्नेछ।



कानुन अधिकृत

प्रदेश सचिव

(राज कुमार शर्मा)
मुख्यमन्त्री

८. <u>उच्च शिक्षा दलित छात्रवृत्तिः</u> (१) मान्यता प्राप्त सामुदायिक शिक्षण संस्थामा स्नातक वा स्नातकोत्तर तहमा अध्ययनरत दलित विद्यार्थीलाई उच्च शिक्षा दलित छात्रवृत्ति वितरण गरिनेछ।

(२) उपदफा (१) बमोजिमको छात्रवृत्ति प्राप्त गर्न आवदेकले देहाय बमोजिमका कागजात पेश गर्नु पर्नेछः-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) नेपाल सरकारबाट सूचीकृत नभएको दलितका हकमा जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र,

(ग) सम्बन्धित स्थानीय तहको स्थायी ठेगाना प्रमाणित कागजात,

(घ) नियमित रुपमा अध्ययनरत रहेको र अन्य कुनै निकायबाट छात्रवृत्ति नपाएको व्यहोराको अध्ययनरत शैक्षिक संस्थाको सिफारिसपत्र,

(ङ) अध्ययनरत तह भन्दा तल्लो तहको शैक्षिक योग्यताको प्रमाणपत्र।

(३) उच्च शिक्षा दलित छात्रवृत्तिको लागि योग्यताक्रम निर्धारण गर्दा अध्ययनरत तह भन्दा तल्लो तहमा प्राप्त गरेको प्राप्ताङ्कको आधारमा योग्यता सूची तयार गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम योग्यता सूचीबाट छनोट भएका विद्यार्थीलाई चौविस हजार रुपैयाँको दरले छात्रवृत्ति बापतको रकम उपलब्ध गराइनेछ।

(५) छात्रवृत्ति बापतको रकम बैंक मार्फत एकमुष्ठ उपलब्ध गराउनु पर्नेछ।

९. <u>सूचना प्रकाशनः</u> (१) कार्यालयले छात्रवृत्ति वितरणको लागि कम्तीमा एक्काइस दिनको म्याद दिई जिल्लास्तरको पत्रिका वा एफ.एम. रेडियो वा मन्त्रालय र कार्यालयको वेभसाइटमा सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचनामा देहाय बमोजिमको विवरण उल्लेख गर्नु पर्नेछः-

(क) छात्रवृत्ति प्रदान गरिने विषय र तह,

(ख) छात्रवृत्तिको कोटा संख्या र उपलब्ध गराउने रकम,

(ग) आवेदन साथ संलग्न गर्नु पर्ने कागजात तथा विवरण,

(घ) आवेदन बुझाउनु पर्ने स्थान र अन्तिम मिति।

१०. <u>छात्रवृत्तिको लागि आवदेन दिनु पर्नेः</u> छात्रवृत्ति प्राप्त गर्न चाहने विद्यार्थीले सूचनामा तोकिएको स्थान र म्याद भित्र उच्च शिक्षा अपाङ्ग छात्रवृत्ति र उच्चशिक्षा दलित छात्रवृत्तिको हकमा अनुसूची-१ र प्राविधिक छोरी बुहारी छात्रवृत्तिको हकमा अनुसूची-२ बमोजिमको ढाँचामा आवेदन दिनु पर्नेछ।

११. <u>छनोट प्रक्रियाः</u> (१) समितिले दफा १० बमोजिम प्राप्त आवेदन तथा संलग्न कागजातको मूल्याङ्कन गरी प्राप्ताङ्कको आधारमा बेग्लाबेग्लै योग्यताक्रम अनुसार सूची तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम योग्यताक्रमको आधारमा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको संख्या निर्धारण गर्दा मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रमको आधारमा गर्नु पर्नेछ।

१२. <u>छात्रवृत्ति प्रदान नगरिनेः</u> देहायको अवस्थामा छात्रवृत्ति प्रदान गरिने छैनः-

कानुन अधिकृत

प्रदेश सचिव

(राज कुमार शर्मा)
मुख्यमन्त्री

CamScanner

(क) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी कुनै प्रकारको स्थायी, अस्थायी वा करार सेवामा कार्यरत भएमा,

(ख) नियमित रुपमा शैक्षिक संस्थामा उपस्थित भई पठनपाठनमा समावेश नभएमा,

(ग) अन्य निकायबाट नियमित रुपमा छात्रवृत्ति पाइरहेको प्रमाणित भएमा,

(घ) अध्ययनरत तहमा एक पटक छात्रवृत्ति प्राप्त गरिसकेको भएमा,

(ङ) एक विद्यार्थीले एक जिल्लामा एक भन्दा बढी किसिमको छात्रवृत्तिमा आवेदन पेश गरेको प्रमाणित भएमा,

(च) गलत तथा झुटा विवरण भरी पेश गरेको प्रमाणित भएमा।

१३. <u>छात्रवृत्ति रद्दः</u> (१) यस कार्यविधि बमोजिम वितरण भएको छात्रवृत्ति देहाय वमोजिमको अवस्थामा समितिले रद्द गर्न सक्नेछः-

(क) छात्रवृत्ति प्राप्त गर्नका लागि झुटा विवरण पेश गरेको पुष्ठि भएमा,

(ख) अध्ययन पूरा नगरेमा,

(ग) सम्बन्धित शिक्षण संस्थाबाट निष्कासित भएमा।

(२) छनोट सूचीमा रहेका व्यक्तिको सम्बन्धमा चित्त नबुझेमा सूची प्रकाशन भएको सात दिनभित्र शिक्षा विकास निर्देशनालयमा उजुरी दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम उजुरी प्राप्त भएमा शिक्षा विकास निर्देशनालयले उजुरी दिने म्याद समाप्त भएको मितिले पन्ध्र दिन भित्र छानविन गरी निर्णय गरी सक्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम छानविन गर्दा छात्रवृत्ति प्राप्त गर्न अयोग्य भएको वा नपाउने ठहर भएमा छात्रवृत्ति बापतको रकम फिर्ता गर्नु पर्नेछ।

१४. <u>अनुगमन र मूल्याङ्कनः</u> (१) छात्रवृत्तिको प्रभावकारीताको सम्बन्धमा मन्त्रालय, शिक्षा विकास निर्देशनालय र कार्यालयले नियमित अनुगमन गर्नुपर्नेछ।

(२) यस कार्यविधि बमोजिमको एकीकृत छात्रवृत्ति वितरण तथा व्यवस्थापन सम्बन्धी कार्यको प्रभावकारिता मूल्याङ्कन प्रत्येक दुई-दुई बर्षमा मन्त्रालयबाट गरिनेछ।

१५. <u>छात्रवृत्ति वितरण सम्बन्धी प्रतिवेदनः</u> (१) कार्यालयले वितरण गरेको विवरण सहितको छात्रवृत्ति वितरण सम्बन्धी प्रतिवेदन छात्रवृत्ति वितरण गरेको तीस दिन भित्र शिक्षा विकास निर्देशनालयमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त प्रतिवेदनको आधारमा शिक्षा विकास निर्देशनालयले प्रादेशिक छात्रवृत्ति वितरण सम्बन्धी प्रतिवेदन तयार गर्नु पर्नेछ।

१६. <u>कारबाही हुनेः</u>- दफा ३ बमोजिमको छात्रवृत्ति प्राप्त गर्ने उद्देश्यले कुनै व्यक्तिले झुट्ठा विवरण पेश गरेमा वा झुटा व्यहोरा सिफारिस गरेको खुल्न आएमा त्यस्तो व्यक्तिलाई र निजलाई सिफारिस गर्ने शैक्षिक संस्थाको प्रमुखलाई समेत प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

कानुन अधिकृत

प्रदेश सचिव

मुख्यमन्त्री

१७. <u>संशोधन सम्बन्धी व्यवस्था:</u> (१) मन्त्रालयले आवश्यकता अनुसार यस कार्यविधि संशोधन गर्न सक्नेछ।

(२) उपदफा (१) वमोजिम संशोधन गर्दा आर्थिक मामिला तथा योजना मन्त्रालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयको सहमति लिनु पर्नेछ।

(राज कुमार शर्मा)
मुख्यमन्त्री

प्रदेश सचिव

कानुन अधिकृत



CamScanner

प्रष्ट अनुहार देखिने हालसालै खिचेको पासपोर्ट साइजको फोटो

अनुसूची-१

(दफा १० सँग सम्बन्धित)

## उच्च शिक्षा अपाङ्ग छात्रवृत्ति र उच्चशिक्षा दलित छात्रवृत्ति आवेदनको ढाँचा

फारम भर्दा ध्यान दिनुपर्ने कुराहरु:

क. आवेदनको सम्पूर्ण खण्डहरु तथा खण्ड अन्तरगतका सम्पूर्ण विवरणहरु अनिवार्यरुपमा भर्नु पर्नेछ,

ख. आवेदन फारमको साथमा बुझाउनुपर्ने कागजातहरु:-

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(२) सम्बन्धित स्थानीय तहको स्थायी ठेगाना प्रमाणित गरेको कागजात,

(३) प्रमाणपत्र तहको ट्रान्सकृप्ट तथा चारित्रिक प्रमाणपत्र,

(४) अध्ययनरत शिक्षालयले हाल अध्ययनरत नियमित विद्यार्थी भएको तथा उक्त संस्थाबाट छात्रवृत्ति नपाएको भनी स्पष्ट खुलाएको सिफारिस,

(५) अपाङ्ग वा दलितको हकमा सो प्रमाणित गर्ने सम्बन्धित निकायको कागजात,

(६) अध्ययनरत शैक्षिक संस्था सामुदायिक/सरकारी भएको व्यहोरा सोहि संस्थाले प्रमाणित गरेको कागज।

ग. सम्बन्धित विकल्पको लागि एक कोठामा मात्र ठिक चिन्ह लगाउनु पर्नेछ।

**आवेदन दिने छात्रवृत्तिको किसिम:** उच्चशिक्षा अपाङ्ग ☐ उच्चशिक्षा दलित ☐

**व्यक्तिगत विवरण**

१. विद्यार्थीको नामथर: .......................................... मोवाइल नः.......................

२. विद्यार्थीको स्थायी ठेगाना: जिल्ला: .......................... पालिका: .......................वडा नः ..........
गाँउ/टोल: ....................

३. लिङ्ग: ☐ महिला ☐ पुरुष ☐ अन्य

४. अपाङ्गता: ☐ भएको ☐ नभएको अपाङ्गता भए परिचयपत्रको वर्ग: .........

५. अभिभावकको नाम: ..................................................................अभिभावकको सम्पर्क नं. .....................................

६. बाबुको नाम: ............................................बाबुको पेशा:...........................................
सम्पर्क नं .............................

(राज कुमार शर्मा)
मुख्यमन्त्री

प्रदेश सचिव

कानुन अधिकृत

## शैक्षिक विवरण

७. अध्ययनरत तह भन्दा तल्लो तह उत्तीर्ण वर्षः............ अध्ययनरत तह भन्दा तल्लो तहको कूल प्राप्ताङ्क ............जिपिए वा ............. प्रतिशत

८. उत्तीर्ण गरेको शैक्षिक संस्थाको नामः ..................................................................
ठेगानाः जिल्ला ................ स्थानीय तह......................... वडा .........शैक्षिक संस्थाको प्रकारः ☐ सामुदायिक/सरकारी ☐ संस्थागत

९. अध्ययनरत शैक्षिक संस्थाको नामः ........................................................................
ठेगानाः जिल्ला ................ स्थानीय तह...................... वडा ................शैक्षिक संस्थाको प्रकारः ☐ सामुदायिक/सरकारी ☐ संस्थागत

१०. अध्ययनरत विषयः ................ तहः ........... अध्ययनरत वर्ष वा सेमेस्टरः .............कोर्ष पूरा गर्न लाग्ने जम्मा वर्षः .........

११. अध्ययनरत कोर्ष उत्तीर्ण गर्न शैक्षिक सस्थाले लिने जम्मा शुल्क (सबै वर्ष वा सेमेस्टरको जोडेर): रु................ प्रति वर्ष वा सेमेस्टर शुल्क रु........

म निवेदक विद्यार्थीले माथि उपलब्ध गराएको विवरण सहि/साचो हो। म कुनै पनि सरकारी वा अन्य कुनै संघसंस्थामा स्थाई, अस्थाई वा करार सेवामा कार्यरत नरहेको तथा अध्ययनरत शैक्षिक संस्था वा अन्य कुनै प्रकारका संस्थाबाट छात्रवृत्ति प्राप्त नगरेको हुँदा प्रदेश छात्रवृत्तिको लागि यो आवेदन पेश गरेको छु ।

...............................

आवेदक विद्यार्थीको हस्ताक्षर

### कार्यालय प्रयोजनको लागिः

क. प्रमाणपत्र तहको मार्कसिट/ट्रान्सकृप्ट र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
☐ छ ☐ छैन

ख. अध्ययनरत शिक्षालयले हाल अध्ययनरत नियमित विद्यार्थी तथा उक्त संस्थाबाट छात्रवृत्ति नपाएको व्यहोरा स्पष्ट खुलाएको सिफारिस ☐ छ ☐ छैन

ग. सम्बन्धित स्थानीय तहको स्थायी ठेगाना प्रमाणित गरेको कागजात
☐ छ ☐ छैन

घ. अपाङ्ग, दलित, सीमान्तकृत तथा लोपोन्मुख र शहिद सन्ततिको हकमा सो प्रमाणित गर्ने सम्बन्धित निकायको कागजात ☐ छ ☐ छैन

ङ. अध्ययनरत शैक्षिक संस्था सामुदायिक/सरकारी रहेको व्यहोराको सोहि संस्थाले प्रमाणित गरेको कागज
☐ छ ☐ छैन

च. आवेदकको बैंक खाताको चेकको प्रतिलिपि ☐ छ ☐ छैन

फारम रुजु गर्ने र प्रमाणित गर्नेको नाम थरः

पदः दस्तखतः

८

कानून अधिकृत

प्रदेश सचिव

(राज कुमार शर्मा)
मुख्यमन्त्री

प्रष्ट अनुहार देखिने हालसालै खिचेको पासपोर्ट साइजको फोटो

# अनुसूची-२

(दफा १० सँग सम्बन्धित)

## प्रविधिक छोरीबुहारी छात्रवृत्तिको लागि भर्नुपर्ने फारमको ढाँचा

फारम भर्दा ध्यान दिनुपर्ने कुराहरु:

क. आवेदनको सम्पूर्ण खण्डहरु तथा खण्ड अन्तरगतका सम्पूर्ण विवरणहरु अनिवार्यरुपमा भर्नु पर्नेछ,

ख. सम्बन्धित विकल्पको लागि एक कोठामा मात्र ठिक चिन्ह लगाउनु पर्नेछ, यस आवेदन फारमको साथमा बुझाउनुपर्ने कागजात

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि। नागरिकता प्राप्त गर्न उमेर नपुगेका विद्यार्थीको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,

(२) बुहारीको हकमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(३) सम्बन्धित स्थानीय तहबाट स्थायी ठेगाना प्रमाणित कागजात,

(४) मान्यता प्राप्त सामुदायिक शिक्षण संस्थाबाट एस.इ.इ. वा एस.एल.सी. परीक्षा उत्तीर्ण भएको प्रमाणपत्र,

(५) नियमित रुपमा अध्ययनरत रहेको र शिक्षण शुल्क (ट्युसन शुल्क) बुझाएको व्यहोराको अध्ययनरत शैक्षिक संस्थाको सिफारिस पत्र,

(६) एक तहमा एक पटक पनि प्राविधिक छोरीबुहारी छात्रवृत्ति प्राप्त नगरेको र अन्य कुनै निकायवाट छात्रवृत्ति वा निःशुल्क वृत्ति नपाएको व्यहोराको अध्ययनरत शैक्षिक संस्थाको सिफारिस पत्र।

### व्यक्तिगत विवरण

१. विद्यार्थीको नामथर: ..........................................मोवाइल नः........................

२. विद्यार्थीको स्थायी ठेगाना: जिल्ला: .......................... स्थानीय तह: ..............................वडा नः ................ गाँउ/टोल: ....................

३. लिङ्ग: ☐ महिला ☐ पुरुष ☐ अन्य

४. जातजाति: ☐ सीमान्तकृत तथा लोपोन्मुख ☐ दलित ☐आदिवासी/जनजाति ☐अन्य

५. अपाङ्गता: ☐ भएको ☐ नभएको अपाङ्गता भए परिचयपत्रको वर्ग: .........

६. अभिभावकको नाम: ..........................................अभिभावकको सम्पर्क नं........................

७. बाबुको नाम: ........................................................................बाबुको पेशा: ...............................................सम्पर्क नं .............................

### शैक्षिक विवरण

कानुन अधिकृत

प्रदेश सचिव

(राज कुमार शर्मा)
मुख्यमन्त्री

CamScanner

८. एसएलसी/एसईई उत्तीर्ण वर्षः ................................ उत्तीर्ण तहको कूल प्राप्तांकः...............जिपिए ................प्रतिशत

९. एसएलसी/एसईई उत्तीर्ण गरेको शैक्षिक संस्थाको नामः.......................................................................ठेगानाः जिल्ला ................ स्थानीय तह..................................वडा ................................शैक्षिक संस्थाको प्रकारः ☐ सामुदायिक/सरकारी ☐ संस्थागत

१०. हाल अध्ययनरत शैक्षिक संस्थाको नामः ........................................................ ठेगानाः जिल्ला ................ स्थानीय तह........................ वडा ...........शैक्षिक संस्थाको प्रकारः ☐ सामुदायिक/सरकारी☐ संस्थागत

११. अध्ययनरत विषयः ........................तहः ................. अध्ययनरत वर्ष वा सेमेस्टरः ................ कोर्ष पूरा गर्न लाग्ने जम्मा वर्षः .............

१२. अध्ययनरत कोर्ष उत्तीर्ण गर्न शैक्षिक सस्थाले लिने जम्मा शुल्क (सबै वर्ष वा सेमेस्टरको जोडेर): रु............................ प्रति वर्ष वा सेमेस्टर शुल्क रु..............................

म निवेदक विद्यार्थीले माथि उपलब्ध गराएको विवरण सहि/साचो हो। म कुनै पनि सरकारी वा अन्य कुनै संघसंस्थामा स्थाई, अस्थाई वा करार सेवामा कार्यरत नरहेको तथा अध्ययनरत शैक्षिक संस्था वा अन्य कुनै प्रकारका संस्थाबाट छात्रवृत्ति प्राप्त नगरेको हुँदा प्रदेश छात्रवृत्तिको लागि यो आवेदन पेश गरेको छु।

......................................

आवेदक विद्यार्थीको हस्ताक्षर

---

कार्यालय प्रयोजनको लागिः

क. एसएलसी/एसईई मार्कसिट/ट्रान्सकृप्ट र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपिः ☐ छ ☐ छैन

ख. अध्ययनरत शिक्षालयले हाल अध्ययनरत नियमित विद्यार्थी तथा उक्त संस्थाबाट छात्रवृत्ति नपाएको भनी स्पष्ट खुलाएको सिफारिसः ☐ छ ☐ छैन

ग. सम्बन्धित स्थानीय तहको स्थायी ठेगाना प्रमाणित गरेको कागजातः ☐ छ ☐ छैन

घ. अपाङ्ग, दलित, सीमान्तकृत तथा लोपोन्मुख र टुहुराको हकमा सो प्रमाणित गर्ने सम्बन्धित निकायको कागजातः ☐ छ ☐ छैन

ङ. एसएलसी/एसईई उत्तीर्ण शैक्षिक संस्था सामुदायिक हो भनी सोहि संस्थाले प्रमाणित गरेको कागजः ☐ छ ☐ छैन

च. आवेदकको बैंक खाताको चेकको प्रतिलिपिः ☐ छ ☐ छैन

फारम रुजु गर्ने र प्रमाणित गर्नेको नाम थरः

कानुन अधिकृत

प्रदेश सचिव

(राज कुमार शर्मा)
मुख्यमन्त्री

CamScanner